सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

**विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।**

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

KHABAR DARPAN PRIMARY
CURRENT ACCOUNT • 2337087445300018
prabhu bank

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

♦ वर्ष ९ ♦ अंक ३५४ ♦ २०८३ साल भदौ ३० मंगलवार ♦ 15 Sep 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# वर्षौंदेखिको जग्गा स्वामित्वको समस्या समाधान हुँदै

## धनुषामा पुर्जा वितरण अभियान तीव्र, भदौमै १ हजार १ सय २५ परिवार लाभान्वित हुने

**खबर दर्पण समाचारदाता**

**भदौ २९ गते, धनुषा**




वर्षौंदेखि आफूले भोगचलन गर्दै आएको जग्गाको स्वामित्व प्रमाणित गर्ने कागज नहुँदा विभिन्न समस्या झेल्दै आएका धनुषाका परिवारले धमाधम जग्गाधनी प्रमाण पुर्जा पाउन थालेका छन्। नाप नक्सा सम्पन्न भएर पनि दर्ता प्रक्रिया पूरा हुन नसकेका गाउँ ब्लक तथा स्ववासी प्रकृतिका जग्गाको समस्या समाधान गर्दै नापी कार्यालय धनुषाले पुर्जा वितरण अभियानलाई तीव्रता दिएको हो ।

यसैक्रममा सोमबार हंसपुर नगरपालिका-५, साविक सुगा निकास गाविसका ३ सय ६५ परिवारलाई जग्गाधनी प्रमाण पुर्जा वितरण गरिएको छ। उक्त क्षेत्रको नाप नक्सा २०७२ सालमै सम्पन्न भए पनि लामो समयसम्म दर्ता प्रक्रिया पूरा हुन नसक्दा स्थानीय बासिन्दा जग्गाको स्वामित्वसम्बन्धी कानुनी प्रमाणबाट वञ्चित हुँदै आएका थिए ।

पुर्जा पाएपछि स्थानीयवासीले वर्षौंदेखि भोगचलन गर्दै आएको जग्गामा कानुनी स्वामित्व स्थापित भएको बताएका छन् । जग्गाधनी प्रमाण पुर्जा नहुँदा बैंक तथा वित्तीय संस्थाबाट ऋण लिन, जग्गाको कारोबार गर्न तथा सरकारी अभिलेखमा आफ्नो स्वामित्व कायम गर्न समस्या हुँदै आएकोमा अब सहज हुने अपेक्षा उनीहरूको छ ।

नापी कार्यालय धनुषाका प्रमुख उमेशकुमारका अनुसार नाप नक्सा सम्पन्न भइसकेका तर विभिन्न कारणले दर्ता हुन बाँकी रहेका स्ववासी तथा गाउँ ब्लक क्षेत्रका जग्गाको समस्या समाधान गरी पुर्जा वितरणलाई प्राथमिकताका साथ अघि बढाइएको हो ।

“नाप नक्सा सम्पन्न भइसकेका क्षेत्रको दर्ता प्रक्रिया पूरा गरी सम्बन्धित जग्गाधनीलाई पुर्जा उपलब्ध गराउने कामलाई प्राथमिकतामा राखेका छौँ,” उहाँले भन्नुभयो ।

स्ववासी जग्गा दर्ता गरी जग्गाधनी प्रमाण पुर्जा वितरण भएपछि लामो समयदेखि जग्गाको स्वामित्व स्थापित हुन नसकेका परिवारलाई कानुनी रूपमा आफ्नो सम्पत्तिको मालिक बन्ने आधार तयार हुने उहाँले बताउनुभयो । यसले भूमिहीन तथा सुकुम्बासी समस्या समाधानमा समेत सहयोग पुग्ने उहाँको भनाइ छ ।

पुर्जा प्राप्त भएपछि जग्गा धितो राखेर बैंक तथा वित्तीय संस्थाबाट ऋण लिन, कानुनी रूपमा जग्गाको बिक्री-वितरण गर्न तथा सम्पत्तिको हस्तान्तरण

*बाँकी पृष्ठ ३ मा*

# जलवायु अनुकूलनका अनुभव आदान-प्रदान गर्न मुख्यमन्त्री यादव मनिला प्रस्थान

**खबर दर्पण समाचारदाता**

**भदौ २९ गते, वर्दिवास**




मधेश प्रदेशका मुख्यमन्त्री कृष्ण यादव जलवायु परिवर्तनका कारण प्रदेशले भोगिरहेको जोखिम, अनुकूलनका उपाय तथा सम्भावित लगानीका विषयमा अन्तर्राष्ट्रिय अनुभव आदान-प्रदान गर्न फिलिपिन्सको राजधानी मनिला प्रस्थान गर्नुभएको छ ।

नेपाल सरकार, मन्त्रिपरिषद्को भदौ २५ गतेको निर्णयअनुसार मुख्यमन्त्री यादवसँगै कृषि निर्देशनालयका निर्देशक जितेन्द्र यादव पनि मनिला जानुभएको छ। उहाँहरू सेप्टेम्बर १५ र १६ मा आयोजना हुने ‘थर्ड क्लाइमेट एडप्टेसन इन्भेस्टमेन्ट प्लानिङ फोरम-२०२६’ मा सहभागी हुनुहुनेछ ।

मुख्यमन्त्री यादव र निर्देशक यादव गत राति थाइ एयरमार्फत मनिला प्रस्थान गर्नुभएको हो । उहाँहरूको भ्रमणबाट नेपाल सरकार तथा मधेश प्रदेश सरकारलाई थप आर्थिक दायित्व नपर्ने बताइएको छ । जलवायु परिवर्तनका कारण मधेश प्रदेश पछिल्लो समय बाढी, डुबान, सुख्खा, अत्यधिक गर्मी, कृषि उत्पादनमा अस्थिरता तथा भूमिगत पानीको सतहमा आएको परिवर्तनजस्ता बहुआयामिक जोखिमको सामना गरिरहेको छ । यसले कृषि, खानेपानी, जनस्वास्थ्य तथा स्थानीय अर्थतन्त्रमा प्रत्यक्ष प्रभाव पार्दै आएको छ ।

विशेषगरी कृषिमा निर्भर मधेशमा अनियमित वर्षा, समयमा पानी नपर्नु, एकैपटक अत्यधिक वर्षा हुनु तथा लामो समयसम्म खडेरी पर्नेजस्ता घटनाले उत्पादन प्रणालीलाई

*बाँकी पृष्ठ ३ मा*

# मधेस प्रदेशको कार्यवाहक मुख्यमन्त्रीको जिम्मेवारी मन्त्री समीरलाई



मधेस प्रदेशको कार्यवाहक मुख्यमन्त्रीको जिम्मेवारी भौतिक पूर्वाधार विकासमन्त्री महम्मद समीरले पाएका छन् ।

मुख्यमन्त्री कृष्णप्रसाद यादव एसियाली विकास बैंकको आयोजनामा फिलिपिन्समा हुने ‘तेस्रो जलवायु अनुकूलन लगानी योजना मञ्च’ सम्बन्धी कार्यक्रममा सहभागी हुन त्यसतर्फ गएकाले आजैदेखि लागू हुने गरी कार्यवाहकको जिम्मेवारी मन्त्री समीरलाई तोकिएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ ।

# चौरचन र तीज एकै दिन परेपछि मिथिलामा बढ्यो पर्वको रौनक :

## कुम्हालेको चाकादेखि बजारका पसलसम्म, पर्वले बढायो चहलपहल

अजयकुमार साह

**भदौ २९ गते, बर्दिवास**

कुम्हालेटोलमा बिहानको घाम चर्किंदै थियो। तर, धनुषाका क्षीरेश्वरनाथ नगरपालिका ४ हरैयाका रामप्रबोध पण्डितको हात रोकिएको थिएन। चाकामा राखिएको माटो घुमाउँदै उहाँले केही बेरमै एउटा सुन्दर माटाको भाँडो तयार पार्नुभयो। छेउमै तयार भएका भाँडाको थुप्रो बढ्दै थियो।





"अरू बेला त फुर्सद नै हुन्छ। चौरचन लगायतका चाडपर्व आएपछि भने माटोले पनि बोलाउन थाल्छ," उहाँले मुस्कुराउँदै भन्नुभयो, "जति बनाए पनि माग पूरा गर्न गाह्रो भइरहेको छ।"

पर्व नजिकिएसँगै धनुषाका कुम्हाले परिवारलाई यतिबेला भ्याइनभ्याइ छ। वर्षभरि माटाका भाँडा बनाएर जीविका चलाउन कठिन हुँदै गए पनि चौरचनजस्ता पर्वले उनीहरूको पुरानो पेसालाई केही दिनका लागि भए पनि फेरि चलायमान बनाइदिएको छ।

चौरचनका लागि माटाका भाँडाको विशेष महत्व छ। प्लास्टिक, स्टिल र अन्य आधुनिक सामग्रीको प्रयोग बढे पनि धार्मिक विधिमा प्रयोग हुने माटाका भाँडा भने अझै विस्थापित भएका छैनन्। त्यसैले पर्व नजिकिँदा कुम्हालेको चाकले गति लिन्छ।

"हामीले बनाएका भाँडा घर घरमा पुग्छन्। यही नै हाम्रो पेसा र पहिचान हो," पण्डितले भन्नुभयो, "तर युवाहरू यो काम गर्न चाहँदैनन्। आम्दानी राम्रो नहुँदा अर्को पेसातिर जान्छन्।"

कुम्हालेको चाक घुमिरहँदा उता बजारमा भने चौरचन र हरितालिकाको तयारीले चहलपहल बढाएको छ। फलफूल, मिठाई, पूजा सामग्री, नयाँ कपडा तथा घरायसी सामग्री किनमेल गर्नेको संख्या बढ्न थालेको छ।

क्षीरेश्वरनाथ नगरपालिका १ र मदैयाकी अनिता यादवलाई यस वर्षको पर्वको तयारी केही फरक लागेको छ। चौरचन र हरितालिका तीज एकै दिन परेकाले उहाँको घरमा तयारी दोब्बर भएको छ।

"तीजको व्रत बस्नुपर्ने, पूजा गर्नुपर्ने र चौरचनका लागि पनि प्रसाद तथा सामग्री तयार गर्नुपर्ने भएकाले काम धेरै छ," उहाँले भन्नुभयो, "तर पर्व भनेको दुःख होइन, परिवार र आफन्तसँग खुसी बाँड्ने अवसर हो।"



अनिता जस्तै गाउँ-सहरका धेरै महिला अहिले तीजको तयारीमा छन्। हरितालिका तीजमा महिलाले व्रत बसेर भगवान् शिव र पार्वतीको पूजा-आराधना गर्ने परम्परा छ। पछिल्लो समय तीज धार्मिक अनुष्ठानसँगै महिला भेटघाट, गीत-संगीत र सामाजिक सम्बन्ध विस्तारको अवसरसमेत बनेको छ।

मिथिला समाजमा भने चौरचनको आफ्नै विशिष्ट सांस्कृतिक महत्व छ। चौठचन्द्रका नामले समेत चिनिने यस पर्वमा चन्द्रमाको पूजा गरिन्छ। व्रत बसेका महिला साँझ चन्द्रमालाई विभिन्न फलफूल, परिकार तथा प्रसाद अर्पण गर्छन्। परिवारको सुख, शान्ति, स्वास्थ्य र समृद्धिको कामना गर्दै पर्व मनाउने परम्परा पुस्तौँदेखि चलिआएको छ।

चौरचनको तयारी केवल घर भित्र मात्र सीमित छैन। फलफूल बेच्ने व्यापारी, मिठाई पसले, पूजा सामग्री विक्रेता र कुम्हालेसम्म यसको प्रत्यक्ष प्रभाव परेको छ।

महेन्द्रनगर धनुषाका स्थानीय बजारका एक व्यापारी दिनेश गुप्ताका अनुसार पर्व नजिकिँदै गएपछि फलफूल र पूजाका सामग्रीको माग बढेको छ। "पर्वको दुई-तीन दिन बजारमा निकै चहलपहल हुन्छ। ग्राहकको भीड बढेपछि व्यापार पनि बढ्छ," उहाँले भन्नुभयो।

दुई पर्व एकै दिन परेकाले मधेस प्रदेशका राजधानी जनकपुरधाम उपमहानगरपालिका सहित विभिन्न जिल्लाका केही स्थानीय तहले समेत स्थानीय बिदा दिने निर्णय गरेका छन्। पालिकाहरुले भदौ २९ गते सोमबार अत्यावश्यक सेवाबाहेक कार्यालय तथा मातहतका निकायमा स्थानीय बिदा दिने निर्णय गरेका छन्।

जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज साहका अनुसार धार्मिक तथा सांस्कृतिक महत्व बोकेका पर्वमा सर्वसाधारणलाई सहज रूपमा सहभागी हुन वातावरण बनाउने उद्देश्यले बिदा दिने निर्णय गरिएको हो।

चौरचनका लागि बनाइएका माटाका भाँडा घाममा सुकिरहेका छन्। बजारमा फलफूल र पूजा सामग्रीको थुप्रो लाग्न थालेको छ। घरका आँगनमा तीज र चौरचनका लागि आवश्यक सामग्री जुटाइँदैछ।

आधुनिकताको तीव्र विस्तारबीच पनि यस्ता पर्वले मिथिलाको पुरानो सांस्कृतिक अभ्यासलाई जीवित राखेको छ। चौरचनले कुम्हालेको चाक घुमाएको छ, तीजले महिलाको सांस्कृतिक सम्बन्धलाई जोडेको छ र बजारले त्यसको आर्थिक गतिविधिलाई साथ दिएको छ।

रामप्रबोधको चाक फेरि घुमिरहेको छ। उहाँका हातमा माटोले आकार लिइरहेको छ।

"यो भाँडो बेचेर केही पैसा आउँछ," उहाँले चाक रोक्दै भन्नुभयो, "तर त्योभन्दा ठूलो कुरा हाम्रो परम्परा पनि त यही भाँडासँगै बाँचेको छ।"

मिथिलाको पर्वमा यही माटो, यही आस्था र यही परम्पराले हरेक वर्ष नयाँ रौनक थप्दै आएको छ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/ ९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाभिज) ०४१-६२०४९१ ९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# वर्षौंदेखिको जग्गा स्वामित्वको....

गर्न सहज हुने नापी कार्यालयले जनाएको छ । त्यससँगै जग्गा कारोबारबाट राज्यले राजस्व प्राप्त गर्ने र सम्बन्धित स्थानीय तहलाई भूमिकर सङ्कलनको कानुनी आधारसमेत बलियो हुने प्रमुख उमेशकुमारले बताउनुभयो ।

उहाँका अनुसार स्ववासी जग्गाको लगत तयार हुनुका साथै गाउँ ब्लक क्षेत्रमा रहेका सरकारी तथा सार्वजनिक जग्गाको पहिचान र संरक्षणमा समेत पुर्जा वितरण प्रक्रियाले सहयोग पुऱ्याउनेछ । स्थानीय तहलाई व्यवस्थित बसोबास क्षेत्र पहिचान गरी दीर्घकालीन योजना निर्माण गर्न पनि यसले आधार तयार गर्ने उहाँले बताउनुभयो ।

धनुषामा पुर्जा वितरण अभियानअन्तर्गत अब क्षिरेश्वर नाथ नगरपालिका-१ र २ तथा साविक रमदैया भवाडी गाविस क्षेत्रका ३ सय ७५ परिवारलाई भदौ ३१ गते जग्गाधनी प्रमाण पुर्जा वितरण गर्ने तयारी गरिएको छ ।

यसअघि हंसपुर नगरपालिका-५ का ३ सय ६५ परिवारलाई पुर्जा वितरण भइसकेको छ । भदौ महिनामै सबैला नगर पालिका र हंसपुर नगरपालिका हुँदै क्षिरेश्वरनाथ नगरपालिकामा पुर्जा वितरणको प्रक्रिया पूरा भएपछि करिब १ हजार १ सय २५ परिवार प्रत्यक्ष रूपमा लाभान्वित हुने नापी कार्यालयले जनाएको छ ।

नापी कार्यालयका अनुसार धनुषाका अन्य स्थानीय तहमा पनि नाप नक्सा सम्पन्न भएर दर्ता प्रक्रिया बाँकी रहेका गाउँ ब्लक तथा स्ववासी प्रकृतिका जग्गाको विवरण अध्ययन भइ रहेको छ । आवश्यक कानुनी प्रक्रिया पूरा गर्दै त्यस्ता क्षेत्रका परिवारलाई पनि क्रमशः जग्गाधनी प्रमाण पुर्जा वितरण गरिने कार्यालयले जनाएको छ । लामो समयदेखि जग्गा भोगचलन गरे पनि स्वामित्वको प्रमाण नहुँदा राज्यका विभिन्न सेवा तथा वित्तीय अवसरबाट वञ्चित हुँदै आएका परिवारका लागि पुर्जा वितरणले सम्पत्तिको कानुनी सुरक्षा मात्र नभई आर्थिक गतिविधिमा सहभागी हुने बाटोसमेत खोल्ने अपेक्षा गरिएको छ ।

# वृहत्तरका अध्यक्ष झा र सदस्य मिश्रले सम्हाले जिम्मेवारी

**खबर दर्पण समाचारदाता**

**भखौ २९ गते, जनकपुरधाम**

वृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का नवनियुक्त अध्यक्ष कौशल किशोर झा र सदस्य अजित मिश्रले पदभार ग्रहण गरेका छन् ।

सरकारले परिषद्को अध्यक्षमा झा र सदस्यमा मिश्रलाई नियुक्त गरेपछि दुवैले आज परिषद् कार्यालय पुगेर पदभार ग्रहण गरेका हुन् ।

पदभार ग्रहण गर्दै अध्यक्ष झाले वृहत्तर जनकपुर क्षेत्रको धार्मिक, सांस्कृतिक तथा पर्यटकीय महत्वलाई अन्तर्राष्ट्रियस्तरमा थप उजागर गर्दै विकासका गतिविधिलाई प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गरे ।

उनले जनकपुरधामको ऐतिहासिक तथा धार्मिक पहिचान संरक्षणसँगै क्षेत्रको सौन्दर्यीकरण, पूर्वाधार विकास र पर्यटन प्रवर्द्धनलाई प्राथमिकतामा राखेर काम गर्ने बताए ।

अध्यक्ष झाले परिषद्लाई थप सक्रिय र परिणाममुखी बनाउन कर्मचारी, स्थानीय तह, धार्मिक संघसंस्था तथा सम्बन्धित सरोकार वाला निकायसँग समन्वय र सहकार्य आवश्यक रहेको बताए । उपलब्ध स्रोत तथा साधनको प्रभावकारी उपयोग गर्दै वृहत्तर जनकपुर क्षेत्रको विकासलाई गति दिने उनको भनाइ छ ।

जनकपुरधामको धार्मिक तथा सांस्कृतिक महत्वलाई विश्वस्तरमा स्थापित गर्न परिषद्ले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिँदै झाले स्थानीय समुदायको सहभागितामा विकासका कार्यक्रम अघि बढाउने प्रतिबद्धता व्यक्त गरे ।

त्यस्तै, नवनियुक्त सदस्य मिश्रले पनि परिषद्को उद्देश्य पूरा गर्न अध्यक्षसहित सम्बन्धित निकाय र सरोकारवालासँग सहकार्य गरेर अघि बढ्ने प्रतिबद्धता व्यक्त गरे । वृहत्तर जनकपुर क्षेत्रको धार्मिक, सांस्कृतिक तथा पर्यटकीय सम्भावनालाई उपयोग गर्दै पूर्वाधार विकास, संरक्षण, सौन्दर्यीकरण र पर्यटन प्रवर्द्धनमार्फत क्षेत्रको समग्र विकासमा योगदान पुर्‍याउने नयाँ नेतृत्वको लक्ष्य रहेको जनाइएको छ ।


नेपाल सरकार

उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय

**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनी खारेजी गरिएको सूचना**

यस कार्यालयमा मिति २०७५।०९।३० मा दर्ता भएको प्रा.लि.नं.२०६६२९ भएको सेवारो पाथिभरा गेष्ट हाउस (प्रा.ली.) नामको कम्पनी यस कार्यालयको मिति २०८३।०४।१२ निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धीत सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ ।


# जलवायु अनुकूलनका अनुभव आदान-प्रदान.....

जोखिममा पारेका छन् । बाढी र डुबानका कारण खेतीयोग्य जमिन तथा बालीमा क्षति हुने गरेको छ भने गर्मी र सुख्खाले कृषि तथा खानेपानीमा थप दबाब सिर्जना गरेको छ ।

मनिलामा आयोजना हुने फोरममा जलवायु अनुकूलनका अन्तर्राष्ट्रिय अभ्यास, लगानीका सम्भावना तथा विभिन्न देश र सरकारबीच सहकार्यका विषयमा छलफल हुने बताइएको छ। फोरममार्फत मधेश प्रदेशले आफ्ना जलवायु जोखिम तथा अनुकूलनका प्राथमिकता अन्तर्राष्ट्रिय समुदायसमक्ष प्रस्तुत गर्ने अवसर प्राप्त गर्ने अपेक्षा गरिएको छ ।

भ्रमणका क्रममा बाढी तथा डुबान नियन्त्रण, पानी संरक्षण, सिँचाइ प्रणालीको सुधार, जलवायु अनुकूल कृषि प्रविधि, भूमिगत पानीको संरक्षण र अत्यधिक गर्मीबाट हुने जोखिम न्यूनीकरणका क्षेत्रमा आवश्यक ज्ञान, प्रविधि तथा लगानीका सम्भावनाबारे अनुभव आदान-प्रदान हुने अपेक्षा गरिएको छ ।नेपाली कांग्रेसका नेता चन्द्रशेखरकुमार यादवले मधेशले जलवायु परिवर्तनबाट भोगिर हेको जोखिमलाई अन्तर्राष्ट्रिय मञ्चमा प्रस्तुत गर्दै अनुकूलन तथा जोखिम न्यूनीकरणका क्षेत्रमा लगानी र सहकार्यको सम्भावना खोज्न भ्रमण उपयोगी हुने बताउनुभयो ।

"मधेशका लागि जलवायु परिवर्तन अब भविष्यको सम्भावित जोखिम मात्र नभई वर्तमानकै चुनौती बनिसकेको छ," उहाँले भन्नुभयो, "बाढी, डुबान र सुख्खासँगै कृषि तथा खानेपानी क्षेत्रमा परेको असरलाई सम्बोधन गर्न अन्तर्राष्ट्रिय अनुभव र लगानी उपयोगी हुन सक्छ ।"

उहाँका अनुसार जलवायु परिवर्तनलाई विपद् व्यवस्थापनमा मात्र सीमित नगरी कृषि रूपान्तरण, खानेपानी, सिँचाइ, पूर्वाधार, सहरी योजना तथा दिगो विकाससँग जोडेर अघि बढाउन आवश्यक छ ।मधेशमा जलवायु अनुकूलनका लागि बाढी नियन्त्रण तथा पानी संरक्षणका संरचना, सिँचाइ प्रणालीको आधुनिकीकरण, जलवायु अनुकूल कृषि प्रविधि र भूमिगत पानी संरक्षणलगायत क्षेत्रमा थप लगानी आवश्यक देखिएको छ ।

अन्तर्राष्ट्रिय फोरमबाट प्राप्त ज्ञान, प्रविधि र सहकार्यका अवसरलाई प्रदेशको नीति, योजना तथा बजेटमा समेटेर कार्यान्वयन गर्न सके मात्र भ्रमणको उपलब्धि प्रदेशले प्रत्यक्ष रूपमा हासिल गर्न सक्ने देखिन्छ । त्यसका लागि फोरममा प्रस्तुत हुने विषय र प्राप्त हुने अवसरलाई प्रदेशका जलवायु अनुकूलन प्राथमिकतासँग जोड्नु महत्वपूर्ण हुनेछ ।मधेशमा जलवायुजन्य जोखिम बढ्दै गएकाले 'अनुकूलनका लागि लगानी' लाई विकास योजनाको अभिन्न हिस्साका रूपमा अघि बढाउनुपर्ने आवश्यकता देखिएको छ ।


नेपाल सरकार

उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय

**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनी खारेजी गरिएको सूचना**

यस कार्यालयमा मिति २०८२।०८।२२ मा दर्ता भएको प्रा.लि.नं.३८०३५३ भएको एआरवि ग्लोवल ट्रेढ (प्रा.ली.) नामको कम्पनी यस कार्यालयको मिति २०८३।०५।०२ निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धीत सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ ।





# मिथिलाञ्चलमा श्रद्धापूर्वक मनाइयो चौरचन पर्व

**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**
**भदौ २९ गते, महोत्तरी**

मिथिलाञ्चल क्षेत्रमा सोमबार चौरचन पर्व श्रद्धा, आस्था र विधिपूर्वक मनाइएको छ। भदौ शुक्ल चतुर्थीका दिन विशेष महत्वका साथ मनाइने यो पर्व यस वर्ष हरितालिका तीजसँगै एकैदिन परेको हो। चौरचन पर्वमा साँझ चन्द्रमाको पूजा गरी अर्घ्य दिने परम्परा छ।

पूजाका क्रममा नयाँ माटोको भाँडामा जमाइएको दही, मिठाइ, नरिवल, केरा, अम्बा, पुरी, पिरुकिया, खीरलगायतका परिकार तथा फलफूल चन्द्रमालाई अर्पण गरिन्छ। पर्वका लागि आवश्यक अधिकांश सामग्री घरमै तयार गर्ने चलन छ। पूजाका अवसरमा चामलको पिठोबाट आकर्षक अरिपन बनाइन्छ। अरिपनको बीचमा पूजाका सामग्री राखी चन्द्रमाको आराधना गरिन्छ।

दाल-चामलको पिठोबाट बनाइएका पुरी, पिरुकिया तथा अन्य परिकारसँगै माटोको छाँचीमा जमाइएको दही, केराको घारी, फलफूल, वस्त्र तथा आभूषणसमेत चन्द्रमालाई चढाउने परम्परा रहेको छ। पूजा सम्पन्न भएपछि आँगनमा बनाइएको चतुष्कोण यज्ञस्थलमा घरका पुरुष सदस्यले प्रसाद ग्रहण गर्ने चलनसमेत रहेको छ।

धार्मिक मान्यताअनुसार चौरचनका दिन पूजा तथा अर्घ्य दिनुअघि चन्द्रमालाई सिधै हेर्दा कलंक लाग्ने विश्वास गरिन्छ। त्यसैले पूजा सम्पन्न गरी अर्घ्य दिएपछि मात्र चन्द्रमाको दर्शन गर्ने परम्परा छ। चौरचनलाई चौठीचान वा चौठीचन्द्रसमेत भनिन्छ। मिथिलाञ्चलमा यसलाई धार्मिक आस्था र सांस्कृतिक पहिचानसँग जोडिएको महत्वपूर्ण पर्वका रूपमा मनाइन्छ।

चौरचन पर्व भगवान् श्रीकृष्णसँग जोडिएको धार्मिक कथासँग पनि सम्बन्धित छ। धार्मिक ग्रन्थमा उल्लेख भएअनुसार स्यमन्तक मणि हराएको आरोप लागेपछि भगवान् श्रीकृष्णले भदौ शुक्ल चतुर्थीका दिन उक्त मणि फिर्ता ल्याई आफूलाई लागेको कलंकबाट मुक्त भएका थिए। यही घटनाको स्मरणमा चौरचन पर्व मनाउने परम्परा सुरु भएको धार्मिक विश्वास छ। कृष्ण जन्माष्टमीको केही दिनपछि मनाइने चौरचनले मिथिलाञ्चलको धार्मिक तथा सांस्कृतिक जीवनमा विशेष महत्व राख्छ।



यस पर्वले पारिवारिक एकता, आपसी सद्भाव र पुस्तौंदेखि चलिआएको मिथिलाको मौलिक संस्कृति, कला तथा परम्परालाई निरन्तरता दिन महत्वपूर्ण भूमिका खेल्दै आएको छ।


## सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं।

**सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार**

**मुखियापट्टी मुसरनिया गाउँपालिका, धनुषा**

## सर्पको टोकाइबाट बचौं र बचाऔं

- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
- रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
- घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- झुल लगाएर खाटमा सुत्ने गरौं।

**धनुषाधाम नगरपालिका, धनुषा**

## सचेत उपभोक्ता बनौं

**सामान खरिद गर्दा देहायका बिषय एकिन गरौः**

- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

**सामान खरिद गर्दा सकेसम्म बैकिङ माध्यमबाट भुक्तानी गरौं**
**भुक्तानी गरेको मूल्य बराबरको विल लिऔं**

**रामगोपालपुर नगरपालिका, महोत्तरी**

## स्वच्छ शहरः स्वस्थ्य शहर

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट-विरुवा तथा फलफूलको संरक्षण गरौं,
- ध्वनि र वायु प्रदुषण कम गरौं,
- सडकको समय-समयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं।

**शहरलाई सफा राखौः सुन्दर बनाऔं।**

**गौशाला नगरपालिका, महोत्तरी**





खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,